# सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

**प्रस्तावनाः** पूँजी, सीप एवं लगानीका स्रोतको अभाव भएका बेरोजगार जनशक्तिलाई सीप सिकाई उधमशीलताको बिकास, उत्पादनमा बृद्धि गरी आत्मनिर्भर अर्थतन्त्र निर्माणमा योगदान दिनको लागि श्रमप्रतिको सम्मान गर्ने जनशक्ति निर्माण गर्दै बिना धितो सहुलियत दरमा कर्जा प्रवाह गरी स्वदेशमै स्वरोजगार बनाउन र सुदूरपश्चिम प्रदेशमा गरिवी निवारण तथा आर्थिक समानता कायम गर्न वान्छनीय भएकोले नेपालको संविधानको धारा १९७ बमोजिम प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>**(१) यो ऐनको नाम "सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. <u>परिभाषा:</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्दछ।

(ख) "ऋणी" भन्नाले कोषबाट कर्जा लिने उधमी, समूह वा सहकारी संस्था वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वित्तीय संस्थालाई जनाउने छ।

(ग) "कर्मचारी" भन्नाले कोषको कर्मचारी सम्झनुपर्छ।

(घ) "कार्यकारी निर्देशक" भन्नाले दफा १५ बमोजिमको कार्यकारी निर्देशक सम्झनु पर्छ।

(ङ) "कार्यालय" भन्नाले प्रदेश स्वरोजगार कोषको केन्द्रीय कार्यालय सम्झनु पर्छ सो शब्दले शाखा कार्यालय वा सम्पर्क कार्यालय वा इकाई कार्यालय समेतलाई जनाउनेछ।

(च) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको प्रदेश स्वरोजगार विकास कोष सम्झनु पर्छ।

(छ) "खुद्रा कर्जा कारोबार" भन्नाले कोषको कार्यालयबाट सोझै उधमी वा समूह विशेषलाई प्रदान गरिने कर्जा सम्झनुपर्छ।

(ज) "तालिम दिने निकाय वा संस्था" भन्नाले दफा २० बमोजिमको निकाय वा संस्था सम्झनुपर्छ।

अर्जुन बहादुर थापा
मा.सभामुख

सभामुखको कार्यालय
प्रदेश सभा
सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

अर्जुन बहादुर थापा
मा.सभामुख

(झ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम वा कार्यविधि वा निर्देशिका सम्झनु पर्छ।

(ञ) "थोक कर्जा कारोबार" भन्नाले यस कोषबाट संस्थागत रुपमा कर्जा प्राप्त गर्ने सहकारी संस्था, नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वित्तीय संस्था र कोषले तोकेको अन्य संस्था सम्झनुपर्छ।

(ट) "बेरोजगार" भन्नाले कुनै पनि पेशा व्यवसायमा संलग्न नरहेको तथा कुनै पनि आय आर्जन गर्ने काममा संलग्न नभएको व्यक्ति सम्झनु पर्छ।

(ठ) "बैंक तथा वित्तीय संस्था" भन्नाले नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त "क", "ख", "ग" र "घ" वर्गको बैंक तथा वित्तीय संस्था सम्झनुपर्छ।

(ड) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनुपर्छ।

(ढ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनुपर्दछ र सो शब्दले समितिको अध्यक्ष समेतलाई जनाउँछ।

(ण) "समिति" भन्नाले दफा ७ बमोजिमको कोष संचालक समिति सम्झनु पर्छ।

(त) "सहकारी संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको सहकारी संस्था सम्झनु पर्छ र सो शब्दले सहकारी बैंक समेतलाई जनाउँछ।

(थ) "समूह" भन्नाले प्रचलित कानून बमोजिम दर्ता समूह सम्झनु पर्दछ ।

(द) "उद्यमी" भन्नाले व्यवसाय संचालन गर्न दर्ता भएका इच्छुक व्यक्ति वा समूह सम्झनु पर्दछ ।

## परिच्छेद-२

## कोषको स्थापना र उद्देश्य

३. **कोषको स्थापना:**(१) सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष नामको एक कोष स्थापना गरिने छ।

(२) कोषको केन्द्रीय कार्यालय कैलाली जिल्लामा रहनेछ र कोषले समितिको निर्णय अनुसार सुदूरपश्चिम प्रदेश भित्र जुनसुकै स्थानमा कार्यालय स्थापना गर्न सक्नेछ।

अर्जुन बहादुर थापा
मा.सभामुख

सभामुखको कार्यालय प्रदेश सभा सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

अर्जुन बहादुर थापा
मा. सभामुख

४. <u>कोष स्वशासित संस्था हुने</u>: (१) कोष अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ।

(२) कोषको काम कारवाहीको लागि एउटा छुट्टै छाप हुनेछ।

(३) कोषले प्रचलित कानून बमोजिम व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न र प्रदेश सरकारको अनुमतिले बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) कोषले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र कोष उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

५. <u>कोषको उद्देश्य</u>:(१) कोषको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) व्यसायिक खेती तथा पशुपन्छी पालन, कृषि, बनजन्य तथा खानीजन्य उद्योग आदि विषयमा तालिम प्रदान गर्ने गराउने र तालिम प्राप्त उद्यमीलाई ऋण उपलब्ध गराउने,

(ख) मोटरसाइकल, साईकल, रिक्सा, अटोरिक्सा, ई-रिक्सा, ठेलागाडा, मोबाईल आदि मर्मत लगायतका सेवामूलक स्वरोजगार कार्यक्रमका लागि ऋण उपलब्ध गराउने,

(ग) इलेक्ट्रिकल्, इलेक्ट्रोनिक्स, फर्निचर निर्माण, फर्निसिंग, मार्बल, टायल बिछ्याउने तथा प्लम्बिंग एवम साना तथा घरेलु व्यवसाय एवं पसल संचालन लगायतका सेवामूलक स्वरोजगार कार्यक्रमका लागि ऋण उपलब्ध गराउने,

(घ) परम्परागत सीप र स्थानीय साधन स्रोतको प्रयोग गरी स्वरोजगार कार्यक्रम संचालन गर्नका लागि ऋण उपलब्ध गराउने,

(ङ) द्वन्दपिडित, अपाङ्ग, घाइते व्यक्ति, वेपत्ता तथा शहीद परिवार, एकल महिला, उत्पीडित जाति, जनजाती, दलित, लोपोन्मुख जाति र पिछडिएको क्षेत्र तथा महिलालाई प्राथमिकतामा राखी ऋण लगानी गर्ने,

(च) स्वरोजगार हुन ईच्छुक बेरोजगारहरुलाई तालिम प्रदान गर्ने,

(छ) एक घर एक रोजगारी सम्बन्धि परियोजनामा लगानी गर्ने,

(ज) कोषले सहकारी संस्था वा कोषले तोकेका अन्य संस्था मार्फत स्वरोजगार कार्यक्रममा लगानी गर्ने सहयोगी संस्थाहरुको संयन्त्र निर्माण गर्ने,

(झ) कोषको उद्देश्य प्राप्त गर्न सरकारी, गैरसरकारी, सहकारी र अन्तर्राष्ट्रिय संघ संस्थासंग सहकार्य गर्ने,

(ञ) कोषले थोक र खुद्रा कर्जा लगानी गर्ने,

अर्जुन बहादुर थापा

(ट) आर्थिक तथा सामाजिक रुपले पछाडिएका र गरिबीको रेखामुनी रहेका व्यक्ति, परिवार वा समुदायको पहिचान गरी तिनीहरुको आर्थिक तथा सामाजिक स्तर अभिबृद्धि गर्न तालिम संचालन गर्ने र सीप सिकाई स्वरोजगार बनाउन ऋण लगानी गर्ने,

(ठ) कृषि, पशुपंक्षी, माछा पालन, सिलाई बुनाई, स्थानीय स्रोत, जडिबुटी संकलन तथा प्रशोधन, पर्यटन व्यवसाय रकच्चा पदार्थमा आधारित घरेलु तथा साना लघु उद्योग जस्ता व्यवसाय गर्न ऋण लगानी गर्ने,

(ड) कोषले तोकेको अन्य कार्यक्रममा थोक वा खुद्रा कर्जा लगानी गर्ने,

(ढ) कोषले थोक तथा खुद्रा कर्जा लगानी गर्दा तोकिए बमोजिमको ब्याजदर निर्धारणगर्ने,

(ण) कोषको उद्देश्य अनुसार काम गर्ने व्यक्तिलाई सहुलियत ब्याजदरमा सामुहिक जमानीमा वा सक्कल शैक्षिक प्रमाणपत्र धितो राखी तोकिएको रकमसम्म आवधिक ऋण उपलब्ध गराउने,

(त) कोषकोउद्देश्य कार्यान्वयन गर्नआवश्यक तालिम सञ्चालन गर्ने गराउने,

(थ) कार्यक्रमहरुको प्रवर्द्धनका लागि आवश्यक अभिमुखीकरण कार्यक्रम संचालन गर्न तथा स्वयमसेवकहरुको परिचालन एवं नियुक्ति गर्ने,

(द) यस संस्थाको उद्देश्यसंग मेलखाने अन्य संघसंस्थासंग सहकार्य गर्ने,

(ध) कोषले परियोजनाको आधारमा ऋण लगानी र ऋणको रकम निर्धारण गर्ने र

(न) अन्य आवश्यक कार्य गर्ने गराउने।

## परिच्छेद-३

## कोषको स्रोतव्यवस्थापन

६. **कोषले आर्थिक स्रोत जुटाउन सक्ने:**(१) कोषले आफ्नो उद्देश्यअनुरुपको कार्यक्रम सञ्चालन गर्नको लागि उपदफा(४) बमोजिमआर्थिक स्रोत जुटाउन सक्नेछ।

(२) कोषले बिदेशी सरकार वा संस्था, अन्तर्राष्ट्रिय संस्था वा निकाय वा विदेशी कम्पनी वा व्यक्तिसँग नेपाल सरकारको स्वीकृति प्राप्त गरी आर्थिक स्रोत जुटाउन सक्नेछ।

(३)कोषमा-नेपाल सरकार र उपदफा(२) बमोजिम प्राप्त हुने सहयोग वा अनुदानको रकम प्रदेश सरकारले बजेटमा समावेश गरी कोषलाई अनुदानको रुपमा उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा (१)अनुसार कोषकोदेहाय बमोजिम आर्थिक स्रोतरहने छन्:-

(४) उपदफा (१) अनुसार कोषको देहाय बमोजिम आर्थिक स्रोत रहने छन्:-

(क) प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) नेपाल सरकारबाट प्राप्त रकम,

(ग) स्थानीय तहबाट प्राप्त रकम,

(घ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(ङ) नेपाली संघ-संस्था र व्यक्तिबाट प्राप्त रकम,

(च) नेपाल सरकार, प्रदेश सरकार र नेपाल राष्ट्र बैंकसंगको समन्वयनमा बैंक तथा वित्तीय संस्थाबाट विपन्न बर्गमा लगानी गर्न निर्धारित रकम र अन्य रकम,

(छ) लगानीबाट असुली साँवा र ब्याज रकम,

(ज) अन्य निकाय र स्रोतबाट प्राप्त रकम,

(झ) कोषको चल तथा अचल सम्पत्तिबाट आर्जन भएको रकम,

(ञ) समितिको निर्णयबाट प्राप्त हुने अन्य रकम।

(५) विदेशी वा स्वदेशी सरकार वा संघसंस्था वा व्यक्तिबाट बस्तुगत सहायता समेत प्राप्त गर्न सक्नेछ। तर विदेशी सरकार, संघसंस्था वा व्यक्तिबाट बस्तुगत सहायता लिंदा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

(६) उपदफा (४) बमोजिम स्वरोजगार कोषको मूल खाता नेपाल सरकारको स्वामित्वमा रहेको बैंकमा रहने छ र अन्य कारोबारको हकमा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-४

## समितिको गठन, काम, कर्तव्य र अधिकार

७. समितिको गठनः(१) कोषको संचालक समिति देहाय बमोजिम हुनेछः-

(क) आर्थिक मामिला तथा योजना मन्त्री - अध्यक्ष

(ख) प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ग) प्रदेश सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय - सदस्य

(घ) प्रदेश सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - सदस्य

(ङ) प्रदेश सचिव, सामाजिक विकास मन्त्रालय - सदस्य

(च) प्रदेश सरकारबाट मनोनित दुई जना विज्ञ - सदस्य

(छ) कार्यकारी निर्देशक - सदस्य सचिव

(२) कुनै विषय विज्ञलाइ कोषको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

८. <u>सदस्यहरुको नियुक्ति, पदावधि तथा पदमुक्तिः</u>(१) दफा ७ को उपदफा (१) को खण्ड (च) बमोजिम मनोनयन हुने सदस्यहरुको योग्यता र अनुभव कार्यकारी निर्देशक सरह हुनेछ र प्रचलित कानून बमोजिम निज अयोग्य नठहरिएको हुनुपर्नेछ ।

(२) दफा ७ को उपदफा (१) को खण्ड (च) बमोजिम नियुक्त सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ । निजहरुको एक पटकको लागि पुनर्नियुक्ति हुन सक्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ७ को उपदफा (१) को खण्ड (च) बमोजिम मनोनित कुनै सदस्यले प्रदेश सरकार समक्ष दिएको राजिनामा स्वीकृत भएमा वा प्रदेश सरकारले हटाएमा त्यस्तो मनोनित सदस्य पदमुक्त भएको मानिनेछ ।

(४) उपदफा (२) बमोजिम कुनै सदस्य पदमुक्त भएमा निजको स्थानमा बाँकि अवधिका लागि अर्को व्यक्तिलाई नियुक्ति गर्न सकिनेछ ।

९. <u>समितिको बैठक र निर्णयः</u>(१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको सदस्य सचिवले समितिको बैठक बस्ने सूचनाको साथमा बैठकमा छलफल हुने विषयको कार्यसूची सदस्यहरुलाई बैठक बस्ने मिति भन्दा तीन दिन अगावै उपलब्ध गराउनु पर्नेछ तर कुनै आपतकालीन बैठक बस्नुपर्दा अल्प सूचना दिएर पनि बस्न सकिनेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा अध्यक्षले तोकेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थिति भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिले गरेका निर्णयहरु समितिको अध्यक्ष र सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ।

अर्जुन बहादुर थापा
मा.सभामुख

सभामुखको कार्यालय
प्रदेश सभा
सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

अर्जुन बहादुर थापा
का.सभामुख

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. समितिको काम, कर्तव्य र अधिकार:**(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) कोषको सञ्चालन र व्यवस्थापन सम्बन्धी नीति, योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) कोषको वार्षिक तथा आवधिक कार्यक्रम र बजेट स्वीकृत गर्ने र सोको लागि आवश्यक रकमको व्यवस्था गर्ने गराउने,

(ग) कोषको उद्देश्य बमोजिम कार्यक्रम संचालन गर्न सहयोगी संस्थालाई परिचालन गर्ने,

(घ) स्वरोजगार विकास कार्यक्रम सञ्चालन गर्नको लागि प्रदान गरिने ऋण, अनुदान वा सहयोग सम्बन्धमा आधार, मापदण्ड तथा कार्यविधि तयार गरी कार्यान्वयन गर्ने गराउने,

(ङ) स्थान, क्षेत्र, व्यक्ति, परिवार वा समुदाय विशेषको बेरोजगारी मापनका आधार तथा सूचक तयार गरी सोही अनुरुप स्वरोजगार विकास कार्यक्रमको सञ्चालन, व्यवस्थापन र प्रगति सम्बन्धमा समीक्षा गर्ने,

(च) कोष समक्ष पेश भएका योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(छ) कोषको वार्षिक लेखा परीक्षण गराउने,

(ज) कोषले वर्षभरि गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रदेश सरकार समक्ष पेश गर्ने,

(झ) कोषको सङ्गठनात्मक स्वरुप स्वीकृत गर्ने र सो बमोजिम आवश्यक दरबन्दी सृजना गर्ने,

(ञ) प्रदेशमा अवस्थित जनशक्तिहरु मध्ये बिभिन्न सरकारी तथा गैरसरकारी निकायहरुबाट तालिम प्राप्त स्वरोजगार तथा बेरोजगार जनशक्तिहरुको लगत तयार गर्ने र वार्षिक रुपमा अद्यावधिक गर्ने ।

(ट) कोषको उद्देश्य प्राप्त गर्न आवश्यक अन्य कार्य गर्ने गराउने ।

**११. सदस्यता कायम नरहने:** (१) देहायको कुनै अवस्थामा दफा ७ को उपदफा (१) को खण्ड (च) बमोजिम मनोनित सदस्यको पद रिक्त भएको मानिनेछ:

(क) मृत्यु भएमा,

(ख) पदावधि समाप्त भएमा,

(ग) निजले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा,

अर्जुन बहादुर थापा
का.सभामुख

(घ) कुनै सूचना नदिई लगातार तीन पटक समितिको बैठकमा अनुपस्थित रहेमा,

(ङ) यस ऐनको उद्देश्य विपरीत कार्य गरेको वा कोषको काममा निष्क्रिय रहेको वा सहयोग नगरेको वा कोषलाई हानी नोक्सानी हुने कुनै काम गरेको वा कोष वा समितिको नीति, निर्देशन विपरीत काम गरेको आरोपमा समितिको सदस्य पदबाट हटाउन आवश्यक छ भनी समितिको कुनै सदस्यले पेश गरेको प्रस्ताव समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरुबाट पारित भएमा निजलाई पदबाट हटाउन सकिनेछ।

तर, निजलाई सफाईको मौकाबाट वञ्चित गरिने छैन ।

(२) उपदफा (१) को खण्ड (ङ) को प्रयोजनका लागि प्रस्ताव पेश गर्ने, प्रस्तावमा छलफल गर्ने तथा प्रस्ताव उपर मतदान गर्ने सम्बन्धी कार्यविधि समितिले तोके बमोजिम हुनेछ।

**१२.** <u>काम कारबाही बदर नहुने:</u>(१)समितिको गठनमा कुनै त्रुटि भई वा कुनै सदस्यको स्थान रिक्त भई समितिमा कुनै काम कारबाही भएको भए तापनि सोही कारणले मात्र त्यस्तो काम कारबाही बदर हुने छैन ।

**१३.** <u>उपसमिति गठन गर्न सक्ने:</u>(१) समितिले आफ्नो कार्य सञ्चालन गर्नका लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएका उपसमितिको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र, शर्त तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

**१४.** <u>अध्यक्षको काम, कर्तव्य र अधिकार:</u>(१)अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कोषको उद्देश्य, समितिको निर्णय र कार्यक्रम प्रभावकारीरुपमा सञ्चालन गर्नको लागि कार्यकारी निर्देशकलाई समय-समयमा आवश्यक निर्देशन दिने,

(ख) कोषको कार्यक्रमको अनुगमन गर्ने गराउने,

(ग) कोषको नीति निर्माण गर्ने, कर्जा असुली र संञ्चालनको रेखदेख गर्ने गराउने,

(घ) आवश्यकता अनुसार समितिको बैठक बोलाउने,

(ङ) कोषलाई प्रभावकारीरुपले सञ्चालन गर्न आवश्यक अन्य काम गर्ने गराउने ।

परिच्छेद–५

## कार्यकारी निर्देशकको नियुक्ति, काम, कर्तव्य र अधिकार तथा कर्मचारी सम्बन्धी व्यवस्था

**१५. कार्यकारी निर्देशकको नियुक्तिः** (१) कोषमा एक जना कार्यकारी निर्देशक हुनेछ ।

(२) समितिले उपदफा (४) बमोजिमको योग्यता पुगेका व्यक्तिहरूबाट खुला प्रतिस्पर्धात्मक प्रक्रियाद्वारा कार्यकारी निर्देशकको नियुक्त गर्नेछ । निजले राजपत्रांकित प्रथम श्रेणीको अधिकृत सरह सेवा सुविधा पाउनेछ।

(३) कार्यकारी निर्देशकले अध्यक्षको निर्देशनमा रही कोषको प्रशासकीय प्रमुखको रुपमा काम गर्नेछ।

(४) कार्यकारी निर्देशकको योग्यता देहाय बमोजिम हुनेछः

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, व्यवस्थापन, वाणिज्य वा जनप्रशासन विषयमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(ख) ३५ वर्ष उमेर पुरा भएको नेपाली नागरिक,

(ग) सरकारी, गैरसरकारी संस्था वा कुनै बैंक तथा वित्तीय संस्थामा अधिकृत स्तरको पदमा रही कम्तिमा १० बर्ष काम गरेको अनुभव भएको,

(घ) नियुक्तिका बखत तत्काल राजनीतिक दलमा क्रियाशिल नरहेको,

(ङ) प्रचलित कानून बमोजिम अयोग्य नठहरिएको।

(५) कार्य सम्पादन करार बमोजिम कार्यकारी निर्देशकको पदावधि ४ बर्षको हुनेछ। निज दुई कार्यकाल भन्दा बढि नियुक्त हुनसक्ने छैन ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले सन्तोषजनकरुपमा कार्य सम्पादन गर्न नसकेमा वा कोषको हित विपरित हुने कुनै कार्य गरेमा समितिले निजलाई जुनसुकै वखत हटाउन सक्नेछ।

(७) उपदफा (६) बमोजिम पदबाट हटाउनु अघि कार्यकारी निर्देशकलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(८) कार्यकारी निर्देशकको काम, कर्तब्य र अधिकार दफा १६ बमोजिम हुनेछ।

(९) कार्यकारी निर्देशकको पारिश्रमिक र अन्य सुविधा नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत वा सो सरहको हुनेछ ।

(१०) उपदफा (२)-मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकको पदपूर्ति नभएसम्मको लागि मन्त्रालयले उपदफा (४) बमोजिमको योग्यता पूरा गरेको कुनै व्यक्तिलाई कार्यकारी निर्देशकको पदमा बढीमा ६ महिनाको लागि नियुक्ति गर्न सक्नेछ ।

१६. <u>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः</u> (१) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ख) कोषको अल्प, मध्य र दीर्घकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ग) समितिबाट स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(घ) कोषको दैनिक कार्यको सुपरीवेक्षण तथा निरीक्षण गरी कोषको उद्देश्य अनुसार आवश्यक कार्य गर्ने गराउने,

(ङ) कोषको ऋण, अनुदान, तालिम तथा सहयोगमा कार्यान्वयन गरिएका स्वरोजगार सम्बन्धी कार्यक्रमहरुको निरीक्षण गरी त्यसको प्रगति विवरण समिति समक्ष पेश गर्ने,

(च) कोषले सञ्चालन गरेका कार्यक्रमहरुको वार्षिक तथा आवधिक प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्ने,

(छ) कोषको निमित्त आवश्यक रकम जुटाउन आन्तरिक तथा बाह्य स्रोत परिचालन गर्ने ।

(२) उपदफा (१) बाहेक कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१७. <u>कर्मचारी सम्बन्धी व्यवस्थाः</u> (१) कोषको काम सुचारु रुपले सञ्चालन गर्नका लागि कोषमा आवश्यक संख्यामा कर्मचारी रहनेछन् ।

(२) कोषका कर्मचारीको दरबन्दी, नियुक्ति, सेवाका शर्त र सुविधा समितिले तोकिए बमोजिम हुनेछ ।

(३) स्वीकृत दरबन्दीमा समितिले करारमा कर्मचारी नियुक्त गर्न सक्नेछ ।

(४) कोषको लागि मन्त्रालयले कर्मचारी खटाउन सक्नेछ ।

परिच्छेद-६

## सहयोगी संस्था, लक्षित समूह, तालिम दिने संस्था र ऋण तथा ब्याजदर

१८. स्वयंसेवक वा सहयोगी संस्थाको नियुक्ति र परिचालन:(१)स्वयंसेवक वा सहयोगी संस्थाको नियुक्ति र परिचालन तोकिए बमोजिम हुनेछ।

१९. लक्षित समूह: (१) कोषको उद्देश्य बमोजिम लक्षित समूह देहायबमोजिम हुनेछ।

(क) बैदेशिक रोजगारबाट फर्किएका युवा, युवती,

(ख) नियमित अध्ययन छाडेका शैक्षिक बेरोजगार जनशक्ति,

(ग) उद्यम गर्न चाहने तर पूँजीको अभावमा कुनै पेशा व्यवसाय संचालन गर्न नसकिरहेका युवायुवतीहरु,

(घ) कुनै तालिम प्राप्त गरी बेरोजगार रहेका जनशक्ति,

(ङ) सिर्जनशिल उद्यमी तथा व्यवसायी,

(च) स्थानीय सीप तथा स्रोत साधन प्रयोग गरी स्वरोजगारमूलक व्यवसाय गर्ने उद्यमीहरु,

(छ) प्रचुर सम्भावना भएका क्षेत्रमा लगानी गर्न इच्छुक व्यक्ति वा समूह,

(ज) प्रदेश सरकारले तोकेका अन्य क्षेत्र, वर्ग र समूह र

(झ) दफा ५ को खण्ड (ङ) र (ट) मा उल्लेखित वर्ग र समुदाय।

२०. व्यवसायिक तालिम दिने संस्था:(१)व्यवसायिक तालिम दिने संस्था, विषयवस्तु छनोट र क्षेत्र आदि तोकिए बमोजिम हुनेछ।

२१. ऋण लगानी, असुली तथा बीमा: (१) ऋण लगानी, असुली र बीमा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) कोषले ऋण लगानी गर्दा वा गराउँदा दोहोरोपन नपर्ने गरी मात्र कर्जा लगानी गर्नु र गराउँनु पर्नेछ ।

२२. ब्याजको दर र अनुदान: (१) थोक कर्जा लिने संस्थाले स्प्रेडदर अधिकतम ४% (चार प्रतिशत) भन्दा बढी ब्याजदर लगाउन पाइने छैन तर कोषले ऋण लिई कर्जा प्रवाह गर्दा तोकिए बमोजिम हुनेछ।

२३. ऋण फिर्ता र कारवाही:(१) लगानी गरिएको ऋणको साँवा तथा ब्याज तोकिए बमोजिम ऋणीले किस्तामा भुक्तान गर्नु पर्नेछ।

(२) जुन उद्देश्य र प्रयोजनको लागि ऋण लिईएको हो सोही बमोजिम कार्य नगरि ऋण रकम दुरुपयोग वा हिनामिना गरेमा वा ऋण भुक्तान नगरेमा प्रचलित कानून बमोजिम कारवाही गरी ऋण र सोमा लागेको ब्याज, दण्ड जरिवाना आदि असुलउपर गरिनेछ ।

(३) उपदफा (२) बमोजिम ऋण दुरुपयोग गर्ने ऋणीलाई निजको नाम कर्जा सूचना केन्द्रमा राखी खराब ऋणीलाई हुने कारवाही गरिने छ । निजको नाममा प्रदेश तथा स्थानीय तहबाट हुने कुनै प्रकारको सिफारिस, सुबिधा वा अन्य सरकारी सहयोग उपलब्ध गराइने छैन।

२४. <u>बजार व्यवस्थाः</u>(१)स्थानीय सरकार र नेपाल सरकारको समन्वयनमा उत्पादित बस्तुको बजारीकरण तथा प्रवर्द्धनको लागि प्रदेश सरकारले आवश्यक सहयोग तथा सो सम्वन्धी कार्यक्रम समेत सञ्चालन गर्नेछ र नेपाल सरकारसंग समेत आवश्यक समन्वय गर्नेछ।

## परिच्छेद-७

## कोषको आय-व्यय, लेखा र लेखापरीक्षण

२५. <u>कोषको आय-व्ययः</u>(१)कोषको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ।

२६. <u>खर्चको लेखांकनः</u> (१) यस ऐन बमोजिम भएको खर्चको लेखा सम्बन्धित निकायले प्रचलित कानून बमोजिम राख्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम लेखा सम्बन्धी सम्पूर्ण कागजात आयोजना सम्पन्न भएपछि सम्बन्धित निकायले कोषमा बुझाउनु पर्नेछ।

(३) कोषको लेखा तथा कागजात प्रचलित कानून बमोजिम सुरक्षित राख्नु पर्नेछ।

(४) कुनै दातृ पक्षले उपलब्ध गराएको रकम वा सामग्रीको स्रेस्ता सो उद्देश्य र प्रयोजन खुल्ने गरि प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

२७. <u>लेखापरीक्षणः</u>(१)कोषले प्रदेश लेखा मियन्त्रक कार्यालयबाट वा नेपाल चार्टड एकाउण्टेन्ट ऐन, २०५३ बमोजिम नाम दर्ता भएको चार्टड एकाउण्टेन्टबाट कोषको आन्तरिक लेखापरीक्षण गराउनु पर्नेछ।

(२) कोषको आय-व्ययको वार्षिक लेखापरीक्षण प्रचलित कानून अनुसार महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

अर्जुन बहादुर थापा
मा.सभामुख

(३) प्रदेश सरकारले चाहेमा जुनसुकै बखत कोषको वार्षिक हिसाब–किताब जाँच्न वा जँचाउन सक्नेछ।

२८. प्रतिवेदन पेश गर्नुपर्ने:(१)यस कोषबाट थोक कर्जा लिने सहकारी संस्था र अन्य संघ संस्थाहरुले त्रैमासिक समाप्त भएको पैंतिस दिन भित्र कर्जा लगानी तथा असुली लगायत तोकिएको प्रगति विवरणको प्रतिवेदन कोष समक्ष बुझाउनु पर्नेछ ।कोषले आफ्नो आयव्यय, सम्पत्ती, दायित्व र बस्तुगत सहायता एवं बाँकि मौज्दात प्रस्ट देखिने गरि तोकिएको ढाँचामा अध्यावधिक गरी राख्नु पर्नेछ।

परिच्छेद-८

विविध

२९. सहभागी हुन नपाउने:(१) सदस्य, कार्यकारी निर्देशक तथा कुनै कर्मचारीले आफ्नो स्वार्थ भएको कुनै विषयवस्तुसँग सम्बन्धित कोषको कुनै निर्णय प्रक्रियामा सहभागी हुन पाउने छैनन्।

३०. शपथ ग्रहण:(१) मनोनित सदस्य, कार्यकारी निर्देशक तथा कर्मचारीले आफ्नो पदीय दावित्व सम्हाल्नु अगावै तोकिए बमोजिम गोपनीयता र इमान्दारिताको शपथ ग्रहण गर्नु पर्नेछ।

३१. बैठक भत्ता:(१) सदस्यहरुले समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिमको बैठक भत्ता पाउनेछन्।

३२. आदेश वा निर्देशन दिन सक्ने:(१) प्रदेश सरकारले कोषले गरेको कामकारबाहीको आवश्यक जाँचबुझ गरी वा आवश्यक ठानेका बखत कोषको उद्देश्य अनुरुप काम कारबाही गर्नको लागि कोषलाई आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ। त्यसरी प्रदेश सरकारले दिएको आदेश वा निर्देशनको पालना गर्नु कोषको कर्तव्य हुनेछ।

३३. अधिकार प्रत्यायोजन: (१) समितिले यस ऐनं बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यकता अनुसार अध्यक्ष, कुनै सदस्य, दफा १३ बमोजिम गठित उपसमिति वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) अध्यक्षले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यकता अनुसार उपसमिति र कायर्कारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) कार्यकारी निर्देशकले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यकता अनुसार कोषको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(४) यस दफा बमोजिम प्रत्यायोजित अधिकार पुनःप्रत्यायोजित हुने छैन।

३४. **प्रदेश सरकारसँग सम्पर्कः**(१)कोषले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

तर, कोषसँग सम्बन्धित दैनिक प्रशासकीय कामका लागि सम्बन्धित निकायसँग कोषले सिधै सम्पर्क राख्न सक्नेछ।

३५. **नियम बनाउने अधिकारः**(१) यस ऐनको उद्देश्य कार्यान्वयनको लागि कोषले आवश्यक नियमावलीबनाउन सक्नेछ र त्यस्तो नियमावलीप्रदेश सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ।

३६. **निर्देशिका र कार्यविधि बनाउने अधिकारः**(१)यो ऐन वा यस ऐनअन्तर्गतबनेकोनियमावलीको अधिनमा रही कोषले आवश्यकनिर्देशिका र कार्यविधि बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमकोषलेनिर्देशिका र कार्यविधि बनाउदा मन्त्रालयको स्वीकृति लिनुपर्नेछ।

३७. **अभिलेख राख्नुपर्नेः** (१) कोषले आफूले गरेको काम कारवाहीको अभिलेख राख्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम राखिएको अभिलेख कोषको प्रयोजन समाप्त भएपछि कोषले मन्त्रालयलाई बुझाउनु पर्नेछ।

३८. **कोषको प्रशासकीय खर्चः**(१)कोषको प्रशासकीय संचालन खर्च तोकिए बमोजिम हुनेछ।

३९. **कोषको विघटनः**(१) कुनै मनासिब कारणबाट प्रदेशसरकारले कोषलाई खारेज गर्नेनिर्णय गरेमा कोष विघटनगर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम कोष विघटनभएमा त्यस्तो कोषमाबाँकीरहेकोरकम, दायित्व र चलअचलसम्पत्ति प्रदेश सरकारको नाममा सर्नेछ ।

प्रदेश सभाको सम्बत् २०७६ जेष्ठ १२ गते आईतबारका दिन बसेको ७औं बैठकले **नेपालको** संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको हुदा नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु ।

माननीय अर्जुन बहादुर थापा
सभामुख
सुदूरपश्चिम प्रदेश
मिति :- २०७६।०२।२९

सुदूरपश्चिम प्रदेश सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणित गर्दछु ।

मिति :- 2076/03/09

माननीय मोहनराज मल्ल
प्रदेश प्रमुख